सुनवल नगरपालिका
नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्ला, लुम्बिनी प्रदेश, नेपाल

# स्थानीय राजपत्र

भाग–१ खण्ड–५ संख्या–६ १४ साउन २०७८, बिहिवार

*सुनवल नगरपालिकाको नगरसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।*

# सुनवल नगरपालिकामा कार्यरत कर्मचारीहरुको समायोजन सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७८

## प्रस्तावनाः

साविक स्थानीय निकाय (जिल्ला विकास समिति, नगरपालिका, गाउँ विकास समिति) मा कार्यरत रहि कर्मचारी समायोजन ऐन २०७५ बमोजिम स्थानीय तह सुनवल नगरपालिकामा तहवृद्धि वा स्तरवृद्धि वा ग्रेड थपका सुविधा विना समायोजन भएका स्थायी कर्मचारीहरुलाई कर्मचारी समायोजन ऐन २०७५ को दफा २३ मा भएको व्यवस्था लाई मध्यनजर गरी तहवृद्धि वा स्तरवृद्धि वा ग्रेड थपको प्रोत्साहन सुविधासहित समायोजन तथा पदस्थापन गरी कर्मचारीको मनोवल उच्च वनाउनका लागि कानुनी व्यवस्था गर्न वान्छनिय भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी सुनवल नगरपालिकाको नगरसभाले यो ऐन वनाएको छ ।

Scanned with CamScanner

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "सुनवल नगरपालिका कर्मचारी समायोजन ऐन, २०७८" रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "कर्मचारी" भन्नाले साविक स्थानीय निकाय (जिल्ला विकास समिति, नगरपालिका, गाउँ विकास समिति) वाट कर्मचारी समायोजन ऐन २०७५ वमोजिम स्थानीय तह सुनवल नगरपालिकामा तहवृद्धि वा स्तरवृद्धि वा ग्रेड थपका सुविधा विना समायोजन भएका स्थायी कर्मचारीहरुलाई सम्झनु पर्छ ।

(ख) "स्थानीय तह" भन्नाले सुनवल नगरपालिकालाई सम्झनु पर्छ ।

(ग) "नगरपालिका" भन्नाले सुनवल नगरपालिकालाई सम्झनु पर्छ ।

(ग) "नगर सभा" भन्नाले सुनवल नगरपालिकाको नगर सभालाई सम्झनु पर्छ ।

(घ) "कार्यपालिका" भन्नाले सुनवल नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ वमोजिम नियुक्त नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(ङ) "न्यूनतम शैक्षिक योग्यता" भन्नाले प्रचलित कानुन वमोजिम हाल कार्यरत रहेको पदमा सेवा प्रवेशका लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यतालाई सम्झनु पर्छ ।

३. संगठन संरचना तथा कर्मचारी दरबन्दी : (१) स्थानीय तहवाट सेवा प्रवाहका लागि आवश्यक पर्ने संगठन संरचना र दरवन्दी सुनवल नगरपालिकाको नगरसभाले निर्धारण गरे वमोजिम हुने छ ।

(२) उपदफा (१) मा जुन सुकैकुरा लेखिएको भएतापनि यस ऐन वमोजिम तहवृद्धि/स्तर वृद्धि सहितको समायोजन तथा पदस्थापन हुने कर्मचारीको तहवृद्धि/स्तरवृद्धि सहितको समायोजन तथा पदस्थापन भएको पद र तहको दरवन्दी स्वतः सृजना हुनेछ र साविकको पदको दरवन्दी स्वतः खारेज हुनेछ साथै सरुवा, वढुवा वा अन्य कुनै कारणवाट निज कर्मचारी उक्त पदमा नरहेमा यस ऐन वमोजिम सृजना भएको पद खारेज भई साविकको पद स्वतः सृजना हुनेछ ।

४. तहवृद्धि/स्तरवृद्धि सहितको समायोजन तथा पदस्थापन वा ग्रेड थप गर्नेः (१) यस



Scanned with CamScanner

दफाको वमोजिमका मापदण्ड पुरा गरेको कर्मचारीलाई एक पटकका लागि तहवृद्धि/स्तर वृद्धि सहितको समायोजन तथा पदस्थापन वा ग्रेड थप गरिनेछ ।

(२) उपदफा (१) बमोजिमका कर्मचारीहरुको तहवृद्धि/स्तरवृद्धि सहितको समायोजन तथा पदस्थापन वा ग्रेड थपको प्रोत्साहन सुविधा देहाय वमोजिम हुनेछ ।

| हालको तह | सेवा अवधि र शैक्षिक योग्यता | तहवृद्धि/स्तरवृद्धि सहित समायोजन तथा पदस्थापन हुने पद तह | अन्य प्रोत्साहन (ग्रेड थप सुविधा) |
|---|---|---|---|
| श्रेणी विहीन (कार्यालय सहयोगी, ड्राइभर, हेल्पर, सफाई मजदुर समेत) | ५ वर्ष भन्दा कम ३ वर्ष भन्दा वढी स्थायी सेवा अवधी पुगेको | सोही स्तरमा | खाईपाई आएकोमा २ ग्रेड थप |
| | ५ वर्षभन्दा वढी सेवा अवधि भएको | १ स्तर वृद्धि | |
| सहायक स्तर चौथो (खरिदार) | ५ वर्ष वा सो भन्दा बढी सेवा अवधि पुरा भएको तर न्यूनतम शैक्षिक योग्यता नभएको | सोहि तहमा | खाईपाई आएकोमा २ ग्रेड थप |
| | ५ वर्ष वा सो भन्दा बढी सेवा अवधि पुरा गरी न्यूनतम शैक्षिक योग्यता भएको | सहायक पाँचौ | |



Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| सहायक स्तर पाँचौ (ना.सु.) | ५ वर्ष वा सो भन्दा बढी सेवा अवधि पुरा भएको तर न्यूनतम शैक्षिक योग्यता नभएको | सोहि तहमा | खाईपाई आएको मा २ ग्रेड थप |
| | ५ वर्ष वा सो भन्दा बढी सेवा अवधि पुरा गरी न्यूनतम शैक्षिक योग्यता भएका | अधिकृत छैठौं | |
| अधिकृत छैठौं | ५ वर्ष वा सो भन्दा बढी सेवा अवधि पुरा भएको तर न्यूनतम शैक्षिक योग्यता नभएको | सोहि तहमा | खाईपाई आएको मा २ ग्रेड थप |
| | ५ वर्ष वा सो भन्दा बढी सेवा अवधि पुरा गरी न्यूनतम शैक्षिक योग्यता भएको | अधिकृत सातौं | |
| अधिकृत सातौं | ५ वर्ष वा सो भन्दा बढी सेवा अवधि पुरा भएको तर न्यूनतम शैक्षिक यो ग्यता नभएको | सोहि तहमा | खाईपाई आएको मा २ ग्रेड थप |
| | ५ वर्ष वा सो भन्दा बढी सेवा अवधि पुरा गरी न्यूनतम शैक्षिक योग्यता भएको | अधिकृत आठौं | |



Scanned with CamScanner

(३) उपदफा (२) बमोजिमको पद नाममा सम्बन्धित सेवा/समूह/उपसमुह जनाई पदनाम कायम हुनेछ ।

(४) यस ऐन वमोजिम कर्मचारीको तहवृद्धि/स्तरवृद्धि सहितको समायोजन तथा पदस्थापन वा ग्रेड थप गरे पश्चात कायम हुने तलब निजले साविकमा खाइपाई आएको तलबभन्दा कम हुने भएमा ग्रेड थप गरी तलब मिलान गरिनेछ ।

(५) यस ऐन वमोजिम उपलव्ध गराईएको थप ग्रेड प्रचलित कानुन वमोजिम सम्वन्धित कर्मचारीले पाउने अधिकतम ग्रेडभन्दा वढी भए पनि उपलव्ध गराईनेछ ।

(६) यस ऐन बमोजिम तहवृद्धि/स्तरवृद्धि सहितको समायोजन तथा पदस्थापन हुने कर्मचारीहरुले तहवृद्धि/स्तरवृद्धि सहितको समायोजन तथा पदस्थापनबाट कायम हुने तहका निम्ति तोकिएको तलबमान र सुविधाहरु प्राप्त गर्नेछन् ।

(७) यस ऐनको दफा ४ र सो अन्तर्गतका उपदफाहरुमा जुनसुकै कुरा लेखिएतापनि प्रचलित कानुन वमोजिमको वढुवा रोक्का वा तलववृद्धि रोक्का सम्वन्धी सजाय पाएको कर्मचारीहरुलाई यस ऐन बमोजिम ग्रेड वृद्धि, स्तर वृद्धि वा तह वृद्धि गरिने छैन ।

(८) यस ऐन वमोजिम तहवृद्धि/स्तरवृद्धि सहितको समायोजन तथा पदस्थापन वा ग्रेड थप गर्ने प्रयोजनको लागि कर्मचारीको सेवा अवधी गणना गर्दा यो ऐन प्रारम्भ हुदाका वखत कायम रहेको तहमा शुरु नियुक्ति मिति वा वढुवा नियुक्तिको जेष्ठता गणना हुने मिति देखि यो ऐन जारी भएको मितिसम्मको अवधीलाई गणना गरिनेछ ।

(९) उपदफा (९) मा जुनसुकै कुरा लेखिएको भएतापनि यस दफा वमोजिमको सेवा अवधी सम्वन्धी मापदण्ड पुरा नभएको वा नगरेको तर यो ऐन जारी भएको मितिले १(एक) वर्षभित्र सो मापदण्ड पुरा गरेको वा हुने कर्मचारीलाई सेवा अवधी पुरा भएपछि एक पटकका लागि यस ऐन वमोजिमको तहवृद्धि वा स्तरवृद्धि वा ग्रेडथपको सुविधा उपलव्ध गराईनेछ ।

५. तहवृद्धि/स्तरवृद्धि सहितको समायोजन तथा पदस्थापन वा ग्रेडथप गरिएको पत्र दिनेः (१) यस ऐन वमोजिम तहवृद्धि/स्तरवृद्धि सहितको समायोजन तथा पदस्थापन वा ग्रेड थप हुने कर्मचारीहरुलाई प्रमुख प्रशासकीय अधिकृतले तहवृद्धि/स्तरवृद्धि सहितको समायोजन तथा पदस्थापन वा ग्रेडथप गरिएको पत्र दिनुपर्ने छ । यस वमोजिम तहवृद्धि/स्तरवृद्धि सहितको समायोजन तथा पदस्थापन गरिएको पत्र प्राप्त गर्ने कर्मचारी यस ऐनको दफा

३ वमोजिमको दरवन्दीमा स्वतः पदस्थापन भएको मानिनेछ ।

(२) उपदफा (१) वमोजिम दिइने तहवृद्धि/स्तरवृद्धि सहितको समायोजन तथा पदस्थापन गरिएको पत्र अनुसूची-१ वमोजिमको र ग्रेडथप गरिएको पत्र अनुसूची-२ वमोजिमको हुनेछ ।

६. समायोजन भएका कर्मचारीहरुको सेवा सुविधाः यस ऐन वमोजिम तहवृद्धि/स्तरवृद्धि सहितको समायोजन तथा पदस्थापन भएका कर्मचारीहरुको तलब तथा अन्य सुविधा तहवृद्धि/स्तरवृद्धि सहितको समायोजन तथा पदस्थापन भएको तहका लागि प्रचलित कानुनले तोके वमोजिमको हुनेछ ।

७. यस ऐन वमोजिम हुनेः यस ऐनमा लेखिएको कुराको हकमा यस ऐन वमोजिम हुनेछ र सो वाहेक अन्यको हकमा प्रचलित कानुन वमोजिम हुनेछ ।

Scanned with CamScanner

अनुसूची १
(दफा ५ को उपदफा (२) सँग सम्बन्धित)

सुनवल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सुनवल, नवलपरासी (वर्दघाट सुस्ता पश्चिम)

पत्र सख्या :
चलानी न.

मिति..............................

श्री ...................................
.......................................

विषयः तहवृद्धि/स्तरवृद्धि सहितको समायोजन तथा पदस्थापन गरिएको सम्वन्धमा ।

कर्मचारी समायोजन ऐन, २०७५ र सुनवल नगरपालिका कर्मचारी समायोजन ऐन, २०७८ बमोजिम तपाईलाई तपसिल बमोजिमको पद तथा तहमा तहवृद्धि/स्तरवृद्धि सहितको समायोजन तथा पदस्थापन गरिएको छ ।

आफुलाई तोकिएको जिम्मेवारी प्रचलित कानुनको अधिनमा रही इमान्दारितापूर्वक सम्पादन गर्नु हुनेछ भन्ने अपेक्षा गरिएको छ ।

तहवृद्धि/स्तरवृद्धि सहितको समायोजन तथा पदस्थापन हुनु भएकोमा बधाई छ ।

| सविकको विवरण | तहवृद्धि/स्तरवृद्धि सहितको समायोजन तथा पदस्थापन गरिएकोको विवरण |
|---|---|
| पदः<br>तहः<br>सेवाः<br>समूहः<br>उपसमुह : | पदः<br>तहः<br>सेवाः<br>समूहः<br>उपसमुह : |

..................................
प्रमुख प्रशासकीय अधिकृत

वोधार्थः
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, लुम्बिनी प्रदेश, बुटवल ।
श्री प्रदेश लोकसेवा आयोग, बुटवल ।
श्री कर्मचारी संचय कोष, ठमेल, काठमाण्डौं ।
श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर, काठमाण्डौं ।
श्री आर्थिक प्रशासन शाखा, सुनवल नगरपालिका ।



Scanned with CamScanner

अनुसूची २

(दफा ५ को उपदफा (२) सँग सम्वन्धित)

सुनवल नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

सुनवल, नवलपरासी (वर्दघाट सुस्ता पश्चिम)

पत्र सख्या :

चलानी न. मिति.............................

श्री ....................................

....................................

विषयः ग्रेड थप सहितको समायोजन तथा पदस्थापन गरिएको सम्वन्धमा ।

कर्मचारी समायोजन ऐन, २०७५ र सुनवल नगरपालिका कर्मचारी समायोजन ऐन, २०७८ वमोजिम तपाईलाई साविककै सेवा, समुह/उपसमुहको पद तथा तहमा हाल खाइपाई आएको ग्रेड संख्यामा २(दुई) ग्रेड थप सहित समायोजन तथा पदस्थापन गरिएको छ ।

आफुलाई तोकिएको जिम्मेवारी प्रचलित कानुनको अधिनमा रही इमान्दारितापूर्वक सम्पादन गर्नु हुनेछ भन्ने अपेक्षा गरिएको छ ।

ग्रेड थप सहित समायोजन तथा पदस्थापन हुनु भएकोमा वधाई छ ।

....................................

प्रमुख प्रशासकीय अधिकृत

<u>बोधार्थः</u>

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार ।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, लुम्विनी प्रदेश, बुटवल ।

श्री प्रदेश लोकसेवा आयोग, बुटवल ।

श्री कर्मचारी संचय कोष, ठमेल, काठमाण्डौं ।

श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर, काठमाण्डौं ।

श्री आर्थिक प्रशासन शाखा, सुनवल नगरपालिका ।

आज्ञाले,

कृष्ण प्रसाद पाण्डे

प्रमुख प्रशासकीय अधिकृत

प्रमाणिकरण मितिः २०७८/०४/१४



Scanned with CamScanner